आदरणीय सिनसिनाटी पब्लिक स्कूल (Cincinnati Public Schools) का आमा-बाबु तथा अभिभावक ज्यू,

महामारी सुरु भएपछि, सिनसिनाटी पब्लिक स्कूल हाम्रा विद्यार्थी, परिवार, तथा कर्मचारीका लागि निर्णय गर्ने क्रममा मार्गदर्शनका लागि आँकडा तथा विज्ञान दुवैको प्रयोग गर्न प्रतिबद्ध रहेको छ। जुलाईमा भएको पछिल्लो बोर्डको बैठकमा, हाल भाइरसको सङ्क्रमणको तह तथा हाम्रो समुदायमा जोखिमबारे बुझ्नलाई हामीले दुई हप्ता स्वास्थ्य कर्मीहरूसँग काम गर्दै बिताउने छौं र यो जानकारीलाई छलफलका लागि सञ्चालक समितिमा ल्याउनेछौं भनेर बताएका थियौं।

उक्त मूल्याङ्कनका आधारमा, यो बेलुका (अगस्ट 3, 2020) को सुरुमा, प्रशासन तथा सञ्चालक समितिद्वारा काम गर्ने सबभन्दा राम्रो तरिका भनेको स्कूल वर्षको सुरु गर्दा**, खास गरि पहिलो पाँच हप्ता दूर शिक्षा मोडलमा सूरु गर्नु नै हो भनेर निर्णय लिइएको छ।**

हामीले विगतका केही दिनमा केही सुधारको उत्साहजनक सङ्केतहरू देखेको भएतापनि, कमीहरू जारी रहन्छ र एउटा व्यक्तिगत सिकाइ वातावरणमा सुरक्षित तथा व्यवस्थित गर्न सकिने हुन्छ वा हुँदैन भनेर थाहा पाउन अहिले अलिक चाँडै हुन्छ। आमा-बाबु तथा परिवारहरूले योजना बनाउने उद्देश्यले, हामी यो निर्णय सकेसम्म चाँडो गर्नु जरुरी हुनेछ भन्ने ठान्दछौं।

साँच्चै यो परिवर्तनलाई हल्का रूपमा लिइएको छैन। हामी बच्चाहरू कक्षामा नै ठीक छन् भन्ने विश्वास गर्छौं, र हाम्रो उद्देश्य भने सुरक्षित हुन थालेपछि व्यक्तिगत सिकाइ समावेश भएको एउटा मिश्रित मोडलमा फिर्ता जाने हो। हामी आशा गर्छौं सोमवार, सेप्टेम्बर 28 देखि यसो गर्न सकिनेछ।

यो सम्भव हुन्छ कि हुँदैन भनेर हाम्रो समुदायको महत्त्वपूर्ण भूमिका हुन्छ। हामी सबैजनाले सतर्कतासाथ निम्न अनुसार रोग नियन्त्रण केन्द्र (CDC) तथा ओहायो राज्यको मार्गदर्शनको पालन गर्न प्रतिबद्ध हुनुपर्छ। यस भित्र सार्वजनिक स्थलमा मास्कहरू लगाउने, बिमार भए घरमा बस्ने, ठूलो भेलाहरूमा नजाने, तथा हातको स्वच्छताको लगनसाथ पालन गर्ने।

सेप्टेम्बर 14 को हप्तामा, हाम्रो सञ्चालक समिति तथा प्रशासनले मिश्रित मोडलमा फिर्ता हुन सम्भव छ कि छैन भनेर निर्णय गर्नेछन्। स्वास्थ्य विशेषज्ञहरूको राय लिएर, निर्णय गर्नमा मार्ग निर्देशिकाका लागि हामी तीनवटा मुख्य आँकडाहरूको उपयोग गर्दैछौं:

- नयाँ पुष्टि हुने केसहरूमा दैनिक रूपमा निरन्तर कमी
- परीक्षण पछि पोजिटिभ परिणामहरू देखिएका मानिसहरूको प्रतीशत सकारात्मक गतिमा छ , अर्थात 5 प्रतीशत वा सो भन्दा कम।
- ओहायो राज्यको जन स्वास्थ्य सुझाव प्रणालीको हिस्सा स्वरुप हयामिल्टन काउन्टिका लागि एउटा पहेंलो वा सुन्तला रङ्गको स्तर

विज्ञान तथा आँकडाको प्रयोग गर्नुका अतिरिक्त, हामीले सम्पूर्ण सिकाइ मोडलहरूमा विद्यार्थीहरूको शैक्षिक सफलताको सुनिश्चित गर्न तयार रहन प्रतिबद्ध पनि भयौं। हाम्रो कर्मचारीहरू यसलाई वास्तविकतामा बदल्न यो गर्मी मौसममा कडा मेहनत गर्दै थिए। हामीलाई थाहा छ वसन्तकालीन सिकाइ असमान तथा प्राय निराशाजनक थियो। तपाईं प्रति हाम्रो प्रतिज्ञा दूर शिक्षामा जाने विद्यार्थी, परिवार, तथा कर्मचारीका लागि एउटा पूर्णतया अलग अनुभव हुनेछ।

**आमा-बाबु तथा अभिभावकहरूले निम्न कुराहरू जान्नु पर्छ:**

पहिलो दिन तथा अभिमूखीकरणहरू हाम्रो स्कूलको पहिलो दिन सोमवार, अगस्ट 24 मा हुनेछ। हाम्रो विद्यार्थीहरूका लागि दह्रो सुरुवात गर्न जरुरी छ भन्ने हामी विश्वास राख्छौं, तसर्थ हामीले साना समूहमा विद्यार्थीहरूका लागि इन -स्कूल

अभिमूखीकरणहरू राख्ने योजना बनाएका छौं। यसो गर्दा विद्यार्थीहरूले शैक्षिक तथा कला सामग्रीहरू लगायतका सामग्रीहरू पिकअप गर्न पाउँछन्, साथै आफ्ना शिक्षकहरूसँग भेट्न पाउँछन्। कृपया अतिरिक्त जानकारी हेर्दै गर्नुहोस्।

यस अतिरिक्त, स्कूलहरूले भर्च्युअल आमाबाबु तथा अभिभावक अभिमूखीकरणहरू राख्नेछन्। परिवारहरूलाई सोझै तपाईंको स्कूलबाट विस्तृत जानकारी पठाइने छ।

स्कूल अनुभव तपाईंको बच्चाहरूको शैक्षिक अनुभव हामीले सकेसम्म इन -क्लास परिवेशमा जस्तै हुनेछ। विद्यार्थीहरूले स्ट्यान्डर्ड ग्रेडहरू पाउनेछन्, हाजिरी लिइने छ , तथा उनीहरूले संगीत, कला, तथा शारीरिक शिक्षा लगायतका समृद्धिकरण कोर्शहरू जारी राख्नेछन्। हाम्रा प्यारास्टाफहरूले इन -क्लास सहयोग प्रदान गरि राख्नेछन्, तथा हामी आमा-बाबुहरूका लागि सहायता माग्ने एउटा हटलाईन राख्ने छौं।

हाम्रो शिक्षक तथा विद्यार्थीहरूले एउटा अनलाईन प्ल्याटफर्म स्कूलोजी (Schoology) को प्रयोग गर्नेछन्, जसको माध्यमबाट कक्षा सामग्री, कार्यहरू, तथा मूल्याङ्कनहरू दिइने छ तथा यसले विद्यार्थी, आमा-बाबु, तथा शिक्षकहरूलाई सिकाइ सामग्री तथा उनीहरूको स्कूल समुदायहरूसँग संलग्न रहन सक्षम बनाउँछ। तपाईंले सम्पूर्ण शैक्षिक कुराहरूका लागि यसलाई एउटा वान-स्टप पसल ठान्न सक्नुहुन्छ।

शिक्षकहरूबाट साप्ताहिक सञ्चारमा ताजा जानकारीहरू समावेश हुनेछ जसमा कार्यहरू बुझाउनुपर्ने मिति, घोषणाहरू, तथा सिकाइ क्रियाकलापहरू समावेश हुन्छ। जिल्लाको पाठ्यक्रमलाई गणीत, अङ्ग्रेजी भाषा कला, सामाजिक अध्ययन, तथा विज्ञानका लागि द्वी-साप्ताहिक पठनपाठन चक्रहरूमा तयार गरिएको छ। यो प्ल्याटफर्म प्रयोग गर्ने बारेमा थप जानकारीका लागि, हाम्रो वेबसाइटमा जानुहोस्: https://www.cps-k12.org/families-students/technology-tools/schoology

सिनसिनाटी डिजिटल एकेडेमी (Cincinnati Digital Academy) आफ्ना बच्चाहरूलाई सिनसिनाटी डिजिटल एकेडेमी (CDA) मा भर्ना गराउन चाहने आमा-बाबु तथा अभिभावकहरूले अगस्ट 10 भित्र यसो गरिसक्नु पर्नेछ। आफ्ना बच्चाहरूलाई पहिला नै भर्ना गराएका विद्यमान सिनसिनाटी पब्लिक स्कूल परिवारहरूलाई स्कूलद्वारा सम्पर्क गरिने छ र उनीहरू आफ्ना होम स्कूलहरूमा फिर्ता नगएर सिनसिनाटी डिजिटल एकेडेमीमा जारी राख्न चाहन्छन् कि भनेर निश्चित गरिने छ।

प्रविधिमा पहुँच हामी दुईवटा महत्त्वपूर्ण प्रविधि अद्यावधिकहरू साझा गर्न चाहन्छौं।

पहिला, प्रि-K देखि 12 का सम्पूर्ण विद्यार्थीहरूले अब सिनसिनाटी पब्लिक स्कूल-ले प्रदान गरेको यन्त्रहरू पाउने छन्। हाम्रा ग्रेड प्रि-K देखि 1 का सबभन्दा साना विद्यार्थीहरूका लागि, यो यन्त्र iPad हुनेछ। ठूला विद्यार्थीहरूले ल्यापटक पाउनेछन्। पहिला iPad प्राप्त गरेको हुन सक्ने ग्रेड 2-4 का विद्यार्थीहरूका लागि, स्कूलमा पहिलो केही हप्तामा यो फिर्ता लिएर ल्यापटकहरू दिइने छ।

यन्त्र वितरणबारे थप जानकारी यहाँ दिइएको छ। आफूलाई बताइएको यन्त्र पिक-अप समय छुट्ने विद्यार्थीहरूका लागि, हाम्रो सूचना प्रविधि विभागले प्रत्येक विद्यार्थीलाई वितरण भए नभएको हेर्दैछन्, तथा तपाईंलाई आफ्नो बच्चाहरूको यन्त्र कसरी लिने भनेर सम्पर्क गरिने छ।

दोस्रो, सिनसिनाटी बेल तथा अ न्य समुदाय साझेदारहरूसँग मिलेर हाम्रो कनेक्ट आर स्ट्युडेन्ट्स परियोजना सुरु गर्न पाउँदा हामी खुशी छौं। यो हप्ता, आमा-बाबु तथा अभिभावकहरूले घरेलु-प्रयोगका लागि निःशुल्क इन्टरनेटका लागि कसरी साइन अप गर्ने भनेर अतिरिक्त जानकारी सहित एउटा रोबोकल प्राप्त गर्नेछन्। हामीसँग अस्थायी भएको कारण घरमा Wi-Fi जडान गर्न नसक्ने परिवारहरूका लागि पनि विकल्पहरू छन्। अतिरिक्त जानकारी यहाँ पाउन सकिन्छ।

विशेष आवश्यकताहरू भएका विद्यार्थीहरू सम्पूर्ण अपाङ्गता हुने विद्यार्थीहरूले दूर शिक्षा मोडल अन्तर्गत सेवा प्राप्त गरिरहने छन्। निराकरण विशेषज्ञ तथा सम्बन्धित सेवा कर्मचारीहरूले विद्यार्थीहरूलाई कक्षामा तथा अतिरिक्त सहयोग समयमा सहयोग गर्न समय तालिकाहरू तयार गर्नेछन्। विद्यार्थीले प्राप्त गर्ने सहयोग तथा सेवाहरू व्यक्तिगत आवश्यकता तथा भर्च्युअल सिकाइमा पहुँच गर्ने विद्यार्थीको क्षमताका आधारमा प्रदान गरिन्छ।

अझ , अपाङ्गता हुने विद्यार्थीहरूले सबै विद्यार्थीहरूले जस्तै जिल्लाको प्रविधिमा पहुँच पाउनेछन्। केही स्थितिहरूमा, व्यक्तिकृत शिक्षा योजना दलहरूले अर्को यन्त्र बढी उपयुक्त रहेको निर्णय गर्न सक्छन् र परिवारसँग मिलेर यसलाई बदल्न पनि सक्छन्। यस अतिरिक्त, जिल्लाले सहायक प्रविधि तथा/वा विवर्धनात्मक तथा वैकल्पिक सञ्चार यन्त्रहरू भएको विद्यार्थीहरूले आवश्यक यन्त्रहरूमा पहुँच पाउने सुनिश्चित गर्ने योजना बनाउँदैछ।

भोजन वितरण विद्यार्थी तथा परिवारहरूले प्रत्येक स्कूलमा वुधवारका दिन 5-दिनको भोजन सामग्री थाप्न सक्नेछन्। अतिरिक्त जानकारी यो हप्ता सम्पूर्ण परिवारलाई पठाइँदैछ।

स्वास्थ्य केन्द्रहरू हाम्रो धेरैवटा स्कूल-आधारित स्वास्थ्य केन्द्रहरू दूर शिक्षाको अवधिमा खुल्ला रहने छ। पछिल्लो जानकारी हाम्रो वेबसाइटमा पाउन सकिन्छ।

दिवास्याहार सिनसिनाटी पब्लिक स्कूलले हाम्रा परिवारहरूका लागि बाल स्याहारका अवसरहरूलाई रचनात्मक ढङ्गमा एक साथ ल्याउन पछिल्लो कतिपय हप्तामा हाम्रो अविश्वसनीय सामुदायिक साझेदारहरूसँग मिलेर काम गर्दैछ। यी साझेदारहरूमा निम्न अनुसार पर्छन्: सिनसिनाटी रिक्रिएशन कमिशन (Cincinnati Recreation Commission), सिनसिनाटी पार्क (Cincinnati Parks), सिनसिनाटी तथा ह्यामिल्टन काउन्टिको सार्वजनिक पुस्तकालय (Public Library of Cincinnati and Hamilton County), यङ्ग मेन्स ख्रिस्चियन एसोसिएशन (YMCA), ब्वाइज एण्ड गर्ल्स क्लब (Boys and Girls Club), ग्रेटर सिनसिनाटी विज्ञान-प्रविधि-अङ्ग्रेजी-गणीत कोलाबोरेटिभ (Greater Cincinnati STEM Collaborative), आर्टवर्क्स (ArtWorks), कम्यूनिटि एक्शन एजेन्सी (Community Action Agency), तथा सिनसिनाटी म्युजियम केन्द्र (Cincinnati Museum Center)।

अवसरहरूमा स्कूल भन्दा पहिला/पछि र पूरा दिन पनि समावेश छ। हामीले यो जानकारीलाई अन्तिम रुप दिएपछि, यो सिनसिनाटी पब्लिक स्कूल तथा साझेदार वेबसाइटहरूमा उपलब्ध गराइने छ।

खेलकूद दूर शिक्षामा सर्ने प्रक्रियाको कारण, हामी हेमन्तकालीन खेलकूद स्थगित राख्नेछौं। यसको अर्थ हो विद्यार्थी खेलाडीहरूले उनीहरूको होम स्कूलहरूमा अभ्यास जारी राख्नेछन्, तर इन्टर-स्कूल प्रतियोगिता हुने अर्को चरणमा जाने छैनन्। यस अतिरिक्त, जिल्ला खेल व्यवस्थापकहरूले सबै स्कूल, खेलकूद निर्देशक तथा प्रशीक्षकहरूसँग मिलेर विद्यार्थी खेलाडीहरूलाई कलेजमा खेलहरू खेल्न प्रेरणा सहित प्रवर्द्धन अवसरहरू प्रदान गर्छन्। यस भित्र, यसैमा सीमित नरहने गरि, हाइलाईट टेपहरूद्वारा सहायता, प्रत्यक्ष प्रसारित आन्तरिक सिनसिनाटी पब्लिक स्कूल कार्यक्रमहरूको आयोजन/मिलन तथा कलेजका प्रशीक्षकहरूसँग विस्तारित सञ्चार समावेश छ।

यस अतिरिक्त, हामी आमा-बाबु, विद्यार्थी, तथा प्रशीक्षकहरूका लागि शुक्रवार, अगस्ट 7 का दिन दिनको 12:30 बजे एउटा एथ्लेटिक्स टाउन हल आयोजन गर्नेछौं।

उक्त सबै योजनाहरू समुदायको स्वास्थ्य तथा ओहायो राज्य बाट समय समयमा प्राप्त हुने मार्गदर्शनको अधीनमा रहन्छ।

सामाजिक-भावनात्मक सहयोग सम्पूर्ण विद्यार्थीहरूले सामाजिक भावनात्मक सहयोगमा पहुँच पाउनेछन्। हाम्रो जिल्लाको मानसिक स्वास्थ्य कर्मीहरूले विद्यार्थीहरूलाई साना समूह तथा व्यक्तिगत परामर्श प्रदान गर्न जारी राख्नेछन्। यस

अतिरिक्त, स्कूल सामाजिक कर्मीहरूले सिकाइमा बाधा हटाउन मद्दत गर्न र परिवारहरूलाई आवश्यकता बमोजिम सामुदायिक सेवाहरूमा सिफारिस गर्न परिवारहरूसँग नियमित बुझ्नेछन्। ग्रेड 7-12 का सबै विद्यार्थीहरूको एउटा स्कूल काउन्सेलर हुनेछ जसले बौद्धिक, सामाजिक/भावनात्मक, तथा कलेज/करियर सहयोग प्रदान गर्नेछन्।

टाउन हल सिनसिनाटी पब्लिक स्कूलले आमा-बाबु तथा अभिभावकहरूका लागि सोमवार, अगस्ट 10 बेलुका 4:00 बजे एउट भर्च्युअल टाउन हल आयोजन गर्नेछ। व्यक्तिगत रूपमा उपस्थित हुन नसक्नेहरूका लागि, कार्यक्रम सकिएपछि रेकर्डिङ साझा गरिने छ। टाउन हलमा हाम्रो स्कूल पुनः लगाउने योजनाबारे पछिल्लो जानकारी सुन्ने र तपाईंको मनमा हुन सक्ने प्रश्नहरू सोध्ने अवसर हुनेछ। बैठक ब्लूजिन्स (BlueJeans) भर्च्युअल मिटिङ प्ल्याटफर्म मार्फत आयोजन गरिने छ , र हामी तपाईंलाई बैठक पूर्व नै यहाँ बाट एप डाउनलोड गर्न प्रोत्साहन गर्छौं। तपाईंले अतिरिक्त विवरणहरू यहाँ पाउन सक्नुहुन्छ।

स्कूल वर्ष राम्ररी सुरु गर्न सहायता गरेकोमा तपाईं प्रत्येक विद्यार्थी, परिवार, तथा कर्मचारी सदस्यहरूलाई धन्यवाद छ। हामी हाम्रो समुदायका साझेदारहरू प्रति पनि अत्यन्त आभारी छौं, खास गरि किनभने यो डिजिटल कमीलाई पूरा गरेर सम्पूर्ण विद्यार्थीहरूका लागि प्रविधिमा पहुँच सुनिश्चित गर्न हामीलाई सहायता गर्ने, साथै परिवारहरूका लागि रचनात्मक दिवास्याहार विकल्पहरू प्रदान गर्नसँग सम्बन्धित छ।

हामी स्थानीय स्वास्थ्य विशेषज्ञहरूसँग काम गर्न, निर्णयहरू लिन मार्गदर्शनका लागि विज्ञान तथा स्थानीय आँकडाको प्रयोग गर्न, तथा सबै परिस्थितिहरूका लागि दृढ तथा तत्पर रहन जारी राख्नेछौं। हामी यसै क्रममा तपाईंको सहयोग तथा लचकताको सह्राहना गर्छौं। कृपया स्कूलको पहिलो दिनसँग सम्बन्धित धेरैवटा कुराहरूबारे, मबाट ताजा जानकारी सहित साप्ताहिक इमेल लगायतका अतिरिक्त जानकारी हेर्दै गर्नुहोस्।

तपाईंलाई 10 तारिख टाउन हलमा भेट्ने प्रतीक्षा गर्छौं।

ब्याकप्याक बोक्ने ल्यापटप खोल्ने भविष्य चम्काउने!

भवदीय,

लौरा मिशेल